**मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको**
**तेस्रो वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू**

## १. वैधानिक सभा :

यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७२/०७/३० गते बसेको सञ्चालक समितिको ३६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ संस्थाको प्रबन्ध पत्र तथा नियमावली बमोजिम संस्थाको तेस्रो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७२ पौष ३ गते शुक्रवार ।
समय : दिनको १:३० बजे प्रारम्भ भई ३ :०० बजे समापन ।
स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लि., कमलादी, काठमाडौंको सभा कक्ष ।

## २. उपस्थिति :

### (क) सञ्चालकहरूको उपस्थिति :

| क.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष | सिटिजन्स बैंक इन्टरनेसनल लि., कमलादी, काठमाडौं | १३८,००० |
| २. | श्री उपेन्द्र पौडेल | सञ्चालक | एनएमबि बैंक लि., बबरमहल, काठमाडौं | १४०,००० |
| ३. | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | सोसाइटी डेभलपमेन्ट बैंक लि., डिल्ली बजार, काठमाडौं | १४०,००० |
| ४. | श्री लक्ष्मण रिसाल | सञ्चालक | एन आइ सी एशिया बैंक लि., थापाथली, काठमाडौं | १४०,००० |
| ५. | श्री सञ्जीव मानन्धर | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., न्युरोड, काठमाडौं | १४०,००० |
| ६. | श्री पृथ्वी नारायण श्रेष्ठ | सञ्चालक | जनता बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं | १४०,००० |
| ७. | श्री आरती राज्य लक्ष्मी राणा | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., पानीपोखरी, काठमाडौं | १४०,००० |

(ख) **अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २. | श्री नबराज दाहाल | प्रबन्धक | मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) **शेयरधनीहरूको उपस्थिति विवरण :**

वित्तीय संस्थाको कूल शेयरधनी संख्या १० (दश) रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | प्रतिनिधिद्वारा उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| १,३८८,००० | १,३८८,००० | - | १,३८८,००० (१० जना) | १,३८८,००० (१० जना) | १००.०० |

३. **सभाको वैधानिकता :**

(क) **सभाको बारेमा सार्वजनिक सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मिति : २०७२ मंसिर १० र ११ गते राष्ट्रिय दैनिक पत्रिका "आर्थिक राष्ट्रिय दैनिक" र "कारोबार" मा प्रकाशित गरिएको साथै मिति २०७२/०७/३० गतेका दिन कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामसमेत पठाइसकिएको ब्योहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

(ख) **गणपुरक संख्या :**

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७२ पौष ३ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयेरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनीहरू | १० | १,३८८,००० | |
| २. | सर्व साधारण शेयरधनीहरू | ० | ० | |
| | **जम्मा** | १० | १,३८८,००० | |

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd.2069

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानून बमोजिम बोलाइएको हुँदा पुर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

## ४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

### क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा मिति २०७१ श्रावण १ देखि २०७२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. संस्थाको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०७२/७३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

### (ख) विविध ।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको ब्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसैअनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

## ७. तेस्रो वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री राजन सिंह भण्डारीज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा मिति २०७१ श्रावण १ देखि २०७२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल

तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७१/७२ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७२/७३ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरण प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञाशा तथा प्रतिकृया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

## ८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रतिउत्तर :

(क) संस्थापक शेयरधनी सिटिजन्स बैंक ईन्टरनेसनल लि. का प्रतिनिधि श्री प्रमेश कायस्थ ले संस्थाले यथा सिघ्र सर्वसाधारणमा शेयर निष्काशनका लागि छिटो प्रक्रिया अगाडी बढाउन सुझाव दिनुभयो ।

(ख) संस्थापक शेयरधनी देव : विकास बैंक लि. का प्रतिनिधि श्री नबिन मुनी बज्राचार्यले नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाको समेत पूँजी बृद्धि गर्ने योजना रहेको बुझिएकाले सोहि बमोजिम संस्थाले पूँजी वृद्धि योजना बनाई छिटो प्रक्रिया अगाडी बढाउन सुझाव दिनुभयो ।

**शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहाय बमोजिमको जवाफ दिनुभयो ।**

(क) सर्वसाधारणमा शेयर निष्काशन गर्ने कार्यका लागि निष्काशन तथा बिक्री प्रवन्धकको नियुक्ति लगायत धितोपत्र बोर्डमा सम्पूर्ण कागजातहरू पेश गरिसकेको साथै नियामक निकायबाट स्वीकृति आउनासाथ सर्वसाधारणमा शेयर निष्काशनको कार्य हुने लक्ष्य राखिएको भनी जवाफ दिनुभयो ।

(ख) नेपाल राष्ट्र बैंकबाट हाल सम्म पूँजी बृद्धि गर्नको लागि निर्देशन जारि नभएता पनि संस्थाले पूँजी बृद्धि गर्नको लागि बोनश शेयर र आवश्यकत्ता अनुसार हकप्रद शेयर जारि गरि तोकिएको समय भित्र पूँजी बृद्धि गर्न सकिने भनी जवाफ दिनुभयो ।

**शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्ष ज्यूले जवाफ दिनुभए पछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।**

## ९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सूचित प्रस्तावहरूलाई क्रमश: पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मत निर्णयबाट देहाए बमोजिम पारित गरियो ।

### (क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७१/७२ को तेस्रो वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा मिति २०७१ श्रावण १ देखि २०७२ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरू सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.

(३) आ.व. २०७२/७३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री पराक्रम शर्मा एण्ड एसोसियट्सलाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङफर्म लेखापरीक्षण र प्रमाणिकरणका शुल्कको पारिश्रमिक स्वरूप रू. ३३९,०००/- (अक्षरेपी तिन लाख उनन्चालीस हजार मात्र) कर सहित दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

## (ख) विविध

विविध अन्र्तगत संस्थाले विनाशकारी भूकम्प २०७२ ले यस संस्थाको १२ वटा शाखा कार्यालयहरू अन्तर्गतका प्रभाव परेका सम्पूर्ण सदस्यहरूलाई प्रति सदस्य रू. ५००/- का दरले जम्मा रू. ५,९४९,५००/- र प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा प्रदान गरेको रू. १११,१११ /- गरि जम्मा रकम रू. ६,०६०,६११/- (अक्षरेपी : रू. साठी लाख साठी हजार छ सय एघार मात्र) दिने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गरियो ।

## १०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रारको कार्यालय लगायत विभिन्न संघ संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस तेस्रो वार्षिक साधारण सभामा समावेश विषयसुची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषय सूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भए पश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस तेस्रो वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपुर्ण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुर्‍याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू, पत्रकार महनुभावहरू, बैंकका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने सिटिजन्स बैंक इन्टरनेसनल लि.लाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दै यस तेस्रो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd.2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

| | |
|---|---|
| ............................ | ............................ |
| **श्री रामहरि दाहाल** | **श्री राजन सिंह भण्डारी** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |

**सभा सम्पन्न मिति : २०७२ पौष ०३ गते शुक्रवार तदनुसार डिसेम्बर १८, २०१५**

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
## मिति २०७२ पौष ३ गते सम्पन्न
## तेस्रो साधारण सभामा उपस्थित सञ्चालकहरूको विवरण

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कमलादी, काठमाडौं | |
| २. | श्री उपेन्द्र पौडेल | सञ्चालक | एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं | |
| ३. | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेड, डिल्ली बजार, काठमाडौं | |
| ४. | श्री लक्ष्मण रिसाल | सञ्चालक | एन आइ सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाडौं | |
| ५. | श्री सञ्जीव मानन्धर | सञ्चालक | प्राइम कमर्सियल बैंक लिमिटेड, न्युरोड, काठमाडौं | |
| ६. | श्री पृथ्वी नारायण श्रेष्ठ | सञ्चालक | जनता बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं | |
| ७. | श्री आरती राज्य लक्ष्मी राणा | सञ्चालक | ग्लोबल आइएमई बैंक लमिटेड, पानी पोखरी, काठमाडौं | |

## मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको

### मिति २०७२ पौष ३ गते सम्पन्न
### तेस्रो साधारण सभामा उपस्थित संस्थापक शेयरधनीहरुको विवरण

| क्र.सं. | संस्थापक शेयरधनीको नाम | उपस्थित प्रतिनिधिको नाम | ग्रहण गरेको शेयेर कित्ता | दस्तखत |
|---|---|---|---|---|
| १. | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कमलादी, काठमाडौं | श्री प्रमेश कायस्थ | १३८,००० | |
| २. | एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं | श्री उपेन्द्र पौडेल | १४०,००० | |
| ३. | सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेड, डिल्ली बजार, काठमाडौं | भानुकृष्ण अधिकारी | १४०,००० | |
| ४. | एन आइ सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाडौं | श्री बिशाल सिग्देल | १४०,००० | |
| ५. | प्राइम कमर्सियल बैंक लिमिटेड, न्युरोड, काठमाडौं | श्री संजीव मानन्धर | १४०,००० | |
| ६. | जनता बैंक नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं | पृथ्वी श्रेष्ठ | १४०,००० | |
| ७. | ग्लोबल आइएमई बैंक लमिटेड, कमलादी, काठमाडौं | श्री दिप चन्द्र रेग्मी | १४०,००० | |
| ८. | ग्रान्ड बैंक नेपाल लिमिटेड, कमलादी, काठमाडौं | सुशिला मानन्धर | १४०,००० | |
| ९. | देव : विकास बैंक लिमिटेड, लालदरवार, काठमाडौं | श्री नबीन मुनी बज्राचार्य | १४०,००० | |
| १०. | सिद्धार्थ बैंक लि., हात्तिसार, काठमाडौं | अमित श्रेष्ठ | १३०,००० | |
| | जम्मा | | १,३८८,००० | |